annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७० पृष्ठ ८ | काठमाडौं, मंगलबार २४ असार २०८२ | आषाढ शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | TUESDAY, JULY 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# विपद्‌बाट २० लाखलाई जोखिम, छैन सरकारको पूर्वतयारी

यस वर्षको मनसुनजन्य विपद्‌बाट देशभर झन्डै २० लाख मानिस प्रभावित हुने आकलन गरिएको छ । ४ लाख ५७ हजार १ सय ४५ घरपरिवार जोखिममा पर्ने तथ्यांक सार्वजनिक भएको छ । त्यसमध्ये ५२ प्रतिशत महिला र ४८ प्रतिशत पुरुष छन् । २ प्रतिशत प्रजनन उमेरसमूहका महिला प्रभावित हुने आकलन गरिएको छ । ८ प्रतिशत बालबालिका, साढे २ प्रतिशत अपांगता भएका व्यक्तिहरू र २१ प्रतिशत वृद्धवृद्धा मनसुनजन्य विपद्‌बाट प्रभावित हुने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । सरकारले जोखिमको पूर्वसूचना जारी गरे पनि त्यसको प्रतिकार गर्ने गरी पूर्वतयारीका कार्यक्रमहरूलाई चासोका साथ सञ्चालन गरेको देखिएको छैन ।




समाचार पृष्ठ २

**केशरराज क्षेत्री** | *बुटवल*

– को रिपोर्ट

## कुलिङ पिरियड विवादमा बन्यो छानबिन समिति



**काठमाडौं** (अन्नपूर्ण) : निजामती सेवा विधेयकमा व्यवस्था भएको कुलिङ पिरियडबारे हेरफेरका सन्दर्भलाई लिएर संसदीय छानबिन समिति गठन भएको छ। समिति नेपाली कांग्रेसका सांसद जीवन परियारको संयोजकत्वमा बनाइएको छ।

निजामती विधेयकमा रहेको सेवानिवृत्त उच्च पदस्थ कर्मचारीले दुई वर्षपछि मात्रै सरकारी नियुक्ति लिन पाउने व्यवस्था रहेको प्रतिवेदन राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको भए पनि प्रतिनिधिसभाको पूर्णसभाबाट पारित भएर आउँदा अर्कै विषय रहेको पाइएपछि विवाद भएको थियो। समितिको नाम संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा भएको त्रुटि छानबिन विशेष समिति भन्ने राखिएको छ। कांग्रेसले नेतृत्व गर्ने उक्त समितिलाई २१ दिनको समय दिइनेछ।

कांग्रेस र एमालेबाट दुई–दुई जना सदस्य र माओवादी केन्द्र, रास्वपा र राप्रपाबाट एक–एक जना रहने गरी सोमबार समिति गठन भएको हो। उक्त समितिमा कांग्रेसका सांसदहरू जीवन परियार र सुशीला थिङ सदस्य छन् भने एमालेबाट ईश्वरी घर्ती र नारायणप्रसाद आचार्य सदस्य छन्। नेकपा माओवादी केन्द्रबाट माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पराजुली र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रोशन कार्की सदस्य छन्।

राज्य व्यवस्था तथा सुशासन समितिले कुलिङ पिरियडबारे राज्य व्यवस्थाले गरेकै निर्णय राख्न राष्ट्रिय सभालाई अनुरोध गर्ने र छानबिन समिति गठन गर्न सभामुखलाई आग्रह गर्ने निर्णय गरेको थियो। त्यसपछि सभामुख देवराज घिमिरेले छलफल गरी समिति गठन गरेका हुन्।

कर्मचारीहरूलाई अवकाश वा राजीनामा दिएको दुई वर्षसम्म संवैधानिक तथा कूटनीतिक नियुक्तिमा रोक लगाउने व्यवस्थासहित कुलिङ पिरियड राखिएको थियो। तर प्रतिनिधिसभाबाट निजामती विधेयक पारित गरिँदा यसमा फरकपन देखिएको भन्दै आलोचना भइरहेको छ।

» बाँकी पृष्ठ ६

# महाधिवेशन समयमै हुने कांग्रेसको निष्कर्ष

## म कसैले भनेर रोकिने मान्छै हैन : देउवा

**राधा खनाल** | *काठमाडौं*



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको १५औं महाधिवेशनको मिति तोक्नुपर्ने बताउँदै आएका नेताहरूलाई समय छ, ६ महिना अझै थप्न मिल्छ भनेका छन् ।

सानेपामा जारी कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा सोमबार नेताहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा उनले चार वर्षे नियमित कार्यकाल भए पनि विधानअनुसार एक वर्ष थप्न पाउने र संविधानअनुसार अरू ६ महिना कार्यकाल लम्ब्याउन पाउने अधिकार रहेको स्मरण गराएका हुन्। बैठकमा देउवाले भने, 'नेपालको संविधानअनुसार ६ महिना बढाउन पाइन्छ। पार्टीको विधानअनुसार चार वर्षभन्दा बढ्ता पाइँदैन, मैले भनेकै हो। नेपालको संविधानको कुरा गरेको हो मैले। म संविधान मान्ने मान्छे हो।' देउवाले अगाडि भने, 'मैले के गर्छु, के गर्दैन त्यो मेरो आफ्नो कुरा हो। म छोड भनेर छोड्ने मान्छे होइन। म अप्ठ्यारो मान्छे हो है।'

सभापति देउवाले बैठकमा महामन्त्री विश्वप्रकाश शर्मालाई जवाफ दिने सन्दर्भमा उक्त कुरा भनेका हुन्। महामन्त्री शर्माले सभापति शेरबहादुर देउवालाई छैटौं पटक प्रधानमन्त्री नबन्न प्रस्ताव गरेका थिए। शर्माले पाँचपटक प्रधानमन्त्री भइसकेका सभापति देउवालाई सम्बोधन गर्दै मुलुक र पार्टीको हितमा हुने गरी अब छैटौंपटक प्रधानमन्त्री बन्नेतर्फ नलाग्न र सम्मानजनक बिदाइ हुन भन्दै अगाडि भने, 'चितवनमा बोल्दा अवकाश लिने बेला आयो भन्नुभयो। यो प्रशंसनीय छ। पार्टी एक बनाउँछु भन्नुभयो, यो पनि सकारात्मक कुरा हो। तर, नीतिमा, सिद्धान्तमा सबै कुरामा एकता छ। विवाद या प्रतिस्पर्धा कि प्रधानमन्त्री पदका लागि छ कि सभापति पदका लागि छ। तेस्रोपटक सभापति बन्न विधानले दिँदैन, अब ०८३ असारमा आफू छैटौंपटक प्रधानमन्त्री बन्नतिर नलागेर अरू साथीलाई बन्न मार्गप्रशस्त गरेर, प्रशंसा जित्नुपर्छ सभापतिजीले। सम्मानजनक बहिर्गमनको बाटो सभापतिले रोज्नुभएमा त्यसले नेपालको राजनीतिमा अत्यन्तै सकारात्मक प्रभाव छोड्नेछ।'

शर्माले बैठकमा मुलुकमा स्थिर राजनीति नहुँदा उस्तै समस्याहरू दोहोरिएर देखा परेका भन्दै पाँचबुँदे प्रस्ताव गरेका छन्। शर्माले स्थिर सरकारका लागि अहिले भइरहेको प्रणालीलाई संशोधन गर्न आवश्यक भएको बताउँदै भने, 'बितेको ७५ वर्षमा कोही पनि प्रधानमन्त्री लगातार पाँच वर्ष टिक्न सकेनन्। संविधान संशोधन गर्दा स्थिर प्रधानमन्त्रीका लागि केही नवीन दृष्टि बनाउनु जरुरी छ, त्यसका लागि मेरो ५ स्टेपको प्रस्ताव छ।'

१. आम निर्वाचनमा प्रत्यक्षतर्फको सिट र लोकप्रिय मतको आधारमा बन्ने पहिलो दलले सरकारको नेतृत्व गर्ने र सरकार गठन गर्ने विषय समेटिएको छ। जसमा दोस्रो वा तेस्रो दल पूरै अवधि सरकार बाहिर वा विपक्षीमा बस्ने भन्ने कुरा समेटिएको छ।

२. पहिलो हुने दललाई सामान्य बहुमत नपुगेको स्थितिमा जित्नेले सबै लग्ने सिद्धान्तबमोजिम निर्वाचनअघि नै आयोगमा बुझाइएका विज्ञहरूको नामबाट अपुग सिट पहिलो दलले प्राप्त गर्ने रहेको छ।

३.तेस्रो विकल्पमा पहिलो दलले संसदीय दलबाट चयन गरेको सांसद संसदीय दलको नेता हुँदै नेपालको प्रधानमन्त्री बन्ने, प्रधानमन्त्रीले मन्त्रिपरिषद्‌मा निश्चित संख्यामा विज्ञहरू सोझै सरिक गराउन सक्ने विषय उल्लेख छ।

» बाँकी पृष्ठ ६

## अमेरिका विरोधी नीतिलाई समर्थन गर्ने देशमा थप भन्सार लगाउने ट्रम्पको धम्की

**वासिङ्टन डिसी** (अन्नपूर्ण) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'अमेरिकी विरोधी नीति'लाई समर्थन गर्ने ब्रिक्स राष्ट्रहरूमा थप १० प्रतिशत भन्सार कर लगाउने धम्की दिएका छन्। उनले धेरै राष्ट्रहरूलाई सोमबारदेखि करपत्र पठाइने घोषणासमेत गरेका छन्।

ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा भने, 'ब्रिक्सको अमेरिका विरोधी नीतिसँग आफूलाई मिलाउने कुनै पनि देशलाई थप १० प्रतिशत कर लाग्नेछ। यसबाट कसैलाई पनि छुट दिइने छैन।' यद्यपि ट्रम्पले कुन नीतिहरूलाई संकेत गरिरहेका थिए भन्ने स्पष्ट पारेका छैनन्।

सन् २००९ मा ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिका मिलेर ब्रिक्स समूह गठन भएको थियो। हालै इजिप्ट, इथियोपिया, इन्डोनेसिया, इरान र संयुक्त अरब इमिरेट्सलाई सदस्यको रूपमा समावेश गरी यो समूह विस्तार गरिएको छ। यसमा बेलारुस, नाइजेरिया, थाइल्यान्ड र भियतनामसहित १० अन्य साझेदार देशहरू पनि छन्। साउदी अरेबियाले यस समूहमा सामेल हुन निमन्त्रणा स्वीकार गरेको छ कि छैन भन्ने अझै स्पष्ट छैन।

# स्रोत सुनिश्चितता नहुँदा तनहुँ जलविद्युत्‌ले पाएन रूख काट्न

**सुनिता कार्की** | *काठमाडौं*



१४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना अर्थ मन्त्रालयको स्रोत सुनिश्चितता कुरिरहेको छ। वन मुआब्जाबापतको ५ अर्ब ८५ करोडको स्रोत सुनिश्चितताका लागि आयोजना अर्थ मन्त्रालयको स्वीकृतिको पर्खाइमा रहेको हो।

आयोजनाको ड्याम वा जलाशय निर्माण र प्रसारण लाइन निर्माण क्षेत्रमा पर्ने सरकारी वनलाई भुक्तानी गर्ने रकम छैन। ४२१ हेक्टरमा फैलिने जलाशय क्षेत्रमा सामुदायिक वनको हिस्सा छ। ९२ हेक्टरको प्रसारण लाइनमा केही राष्ट्रिय वन पनि पर्छ। आयोजना निर्माणमा वनको समस्या प्रमुख बन्दै आइरहेको छ।

यसका लागि सरकारले स्रोत सुनिश्चितता गर्ने भनेको छ । सरकारले वन क्षेत्रको मुआब्जाको सुनिश्चितता गर्ने हो भने मात्र काम सुरु हुने आयोजना प्रमुख श्यामजी भण्डारी बताउँछन्। चालु आर्थिक वर्षका लागि आयोजनालाई ६ अर्ब छुट्ट्याइएको छ, तर त्यसमा वनलाई दिने मुअब्जा समावेश छैन।

पुरानो वन नियमावलीअनुसार सरकारी वनको १ रूख कटानबराबर २५ रोप्ने भन्ने आयोजनासँग सम्झौता भएको हो। ड्यामको हकमा १ बराबर २५ भए पनि प्रसारण लाइनको हकमा भने नयाँ नियमानुसार १ बराबर १० भन्ने छ। निर्माण क्षेत्र (ड्याम र प्रसारण लाइन) मा पर्ने रूखको १ को बराबर २५ का दरले रकम, वन क्षेत्रको सिलिङको जग्गा मूल्यांकनबराबरको रकम र ५ वर्षसम्म वृक्षरोपण गरिएको वनको संरक्षणबराबरको रकम गरी आवश्यक वन व्यवस्थापनको खर्च ५ अर्ब ८५ करोड रुपैयाँ रहेको छ।

आयोजनाले वन मन्त्रालयअन्तर्गतको वन विकास कोषमा दाखिला गर्नुपर्ने रकमको स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालय निवेदन पठाएको हो। चालु आर्थिक वर्ष मन्त्रिपरिषद्‌बाट नै सरकारी आयोजनाका लागि स्रोतको सुनिश्चितता दिने भनेकाले प्राधिकरणबाट निर्माण भइरहे पनि यो सरकारी आयोजना भएको भण्डारीको भनाइ छ।

सरकारी वनको रूख कटानको स्वीकृति र मूल्यांकनसमेत जिल्ला वन कार्यालयबाट, वन विभाग हुँदै वन तथा वातावरण मन्त्रालय पठाइएको थियो। आयोजनाले करिब तीन महिनाअघि विवरण वन मन्त्रालय पठाएको भण्डारीले जानकारी दिए। वन मन्त्रालयले रकम तोकिदिई तालुकको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पत्र पठाएको थियो। तोकिएको ५ अर्ब ८५ करोड रकमको स्रोत सुनिश्चितताका लागि करिब दुई हप्ताअघि ऊर्जा मन्त्रालयबाट अर्थमा पठाइएको हो।

उक्त व्यहोराको पत्र अर्थ मन्त्रालयमा आएको मन्त्रालय स्रोत बताउँछ। 'वन विकास कोषमा दाखिला गर्ने रकमको स्रोत सुनिश्चितताका लागि निवेदन आएको छ। तर, यो ठ्याक्कै सरकारको आयोजना होइन, नेपाल विद्युत् प्राधिकरणको हो। अब यसमा के गर्ने भनेर छलफल भइरहेको छ,' अर्थ मन्त्रालय स्रोत बताउँछ। यसको निर्णय हुन समय लाग्ने बताइएको छ।

यता, नेपाल विद्युत् प्राधिकरण भने सरकारले स्रोत सुनिश्चितता नगर्ने हो भने आयोजना निर्माण सम्पन्न हुने समयसीमा प्रभावित हुने बताउँछ। प्राधिकरणको शतप्रतिशत लगानी भए पनि यो सरकारको पनि आयोजना भएको प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य बताउँछन्।

» बाँकी पृष्ठ ८